मिति: २०८१/०४/०४ ने.सं. ११४४ दिल्लाथ्व १३ शुक्रबार बैठक संख्या - १

आज मिति २०८१/०४/०४ गते शुक्रबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८१/०८२ को पहिलो गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ……………………………………………………………

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ……………………………………………………………

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ……………………………………………………………

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ……………………………………………………………

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ……………………………………………………………

६. वडा अध्यक्ष : श्री धनपति गिरी ……………………………………………………………

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ……………………………………………………………

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ……………………………………………………………

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ……………………………………………………………

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ……………………………………………………………

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ……………………………………………………………

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ……………………………………………………………

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई……………………………………………………………

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ……………………………………………………………

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा……………………………………………………………

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ……………………………………………………………

१७.कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी……………………………………………………………

१८. कार्यालय सहयोगी श्री दिपेन्द्र योक्पाङ्देन……………………………………………………………

मिति: २०८१/०४/०४ ने.सं. ११४४ दिल्लाथ्व १३ शुक्रबार बैठक संख्या - १

**प्रस्तावहरु:-**

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, निर्देशन, आदेश तथा मागपत्रहरुको जानकारी सम्बन्धमा।
२. आ.ब. २०८१।०८२ को लागि स्थानीय दररेट स्वीकृति सम्बन्धमा।

मिति: २०८१/०४/०४ ने.सं. ११४४ दिल्लाथ्व १३ शुक्रबार बैठक संख्या - १

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हाल सम्म प्राप्त भएका निर्देशन, परिपत्र तथा माग पत्रहरु यस कार्यापालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृतद्धारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो । उक्त विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमबाट सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो ।

**निर्णय नं. - २**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४८ बमोजिम हिलिहाङ गाउँपालिकाको स्थानीय दररेट निर्धारण समितिका अध्यक्ष श्री समर बहादुर अधिकारीको अध्यक्षतामा गठित स्थानीय दररेट निर्धारण समितिद्धारा आ.ब. २०८१।०८२ को लागि यस गाउँपालिकामा आवश्यक निर्माण सामाग्री, भाडा, ज्याला, महसुल र उपकरणको भाडा, ढुवानी र कामदारको ज्यालाको सम्बन्धमा निर्धारण गरिएको स्थानीय दररेटलाई स्वीकृत गर्ने निर्णय गरियो ।